*सुचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५को उपदफा ३ बमोजिम सार्वजनिक गरिएको बिवरण ।*

**सूचना सार्वजनिक गर्ने निकाय : नेपाल धितोपत्र बोर्ड**
**सूचना सार्वजनिक गरेको अवधि : चौथो त्रैमास, आ.ब.२०८०।०८१**

## १.नेपाल धितोपत्र बोर्डको स्वरुप र प्रकृति :

धितोपत्र कारोवार ऐन, २०४० अनुसार सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न, देशको आर्थिक विकासमा योगदान पुऱ्याउन, लगानीकर्ताको हकहित संरक्षण गर्न, उद्योगधन्दाको स्वामित्वमा जनसहभागिता बढाउन, संस्थागत सुशासन कायम गर्न र धितोपत्र कारोवारलाई व्यवस्थित र नियमित गर्न नेपाल सरकारबाट यसको नियामक निकायको रुपमा वि.सं.२०५० साल जेष्ठ २५ गते नेपाल धितोपत्र बोर्डको स्थापना गरिएको हो । धितोपत्र बोर्डलाई अंग्रेजीमा Securities Board of Nepal (SEBON) भनिन्छ ।

वि.सं. २०६३ सालमा धितोपत्र कारोवार ऐन, २०४० खारेज गरी देशको आर्थिक विकासका लागि पुंजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, विक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि वृहत उद्देश्यसहित धितोपत्र सम्वन्धी ऐन, २०६३ जारी गरियो । तत्पश्चात धितोपत्र सम्वन्धी ऐन,२०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वशासित र संगठित संस्थाको रुपमा समग्र पुंजीबजारको नियमन र सुपरिवेक्षण गर्दै आएको छ । साथै, २०७४ भाद्र ११ देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ लागू भए पश्चात वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारी समेत बोर्डमा आएको छ ।

❖ **दीर्घकालीन सोच :**
स्वच्छ, प्रतिस्पर्धी र फराकिलो धितोपत्र तथा वस्तु विनिमय बजार मार्फत राष्ट्रिय पूंजी निर्माण गर्ने ।

❖ **लक्ष्य(Goal) :**
सबल, गतिशील र विश्वसनीय धितोपत्र तथा वस्तु विनिमय बजारको विकास मार्फत लगानी आकर्षित गर्ने ।

❖ **उद्देश्य(Objectives) :**

- धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाई स्वच्छ, पहुँचयोग्य र विश्वसनीय बनाउने ।
- लगानीकर्ताको हित संरक्षण गर्ने ।
- बजार नियमन तथा सुपरिवेक्षण गर्ने ।
- बजारको प्रणालीगत जोखिमलाई न्यूनीकरण गर्ने ।
- पुँजी बजारमा संलग्न संस्था तथा निकायहरूको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।

### ❖ मूल मान्यता (Core Values) :

पुँजी बजारलाई स्वच्छ, पारदर्शी, जवाफदेही, विश्वसनीय, गतिशील एवम् प्रतिस्पर्धी बनाउने ।

### ❖ .रणनीति (Strategy) :

- धितोपत्र तथा वस्तु विनिमय बजारलाई स्वच्छ, प्रतिस्पर्धा र विश्वसनीय बनाउनुका साथै यसको क्षेत्र तथा दायरा अभिवृद्धि गर्ने ।
- कानूनी, संस्थागत र संरचनागत सुधार गरी धितोपत्र तथा वस्तु विनिमय बजार संचालन तथा नियमन प्रणालीलाई अर्न्तराष्ट्रियस्तरको बनाउने ।
- धितोपत्र बजारमा साना र स्वेदशी तथा विदेशी लगानीकर्ताको आर्कषण बढाउने ।
- बोर्डको संस्थागत क्षमता अभिवृद्धि गर्ने

### ❖ बोर्डको संचालक समिति :

धितोपत्र सम्वन्धी ऐन, २०६३ वमोजिम बोर्डमा देहायबमोजिमको ७ सदस्यीय संचालक समिति रहने व्यवस्था छ :

| | | |
|---|---|---|
| धितोपत्र बजार व्यवस्थापन, पुँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानुन विषयमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा सात वर्ष काम गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येवाट नेपाल सरकार(मन्त्रिपरिषद)बाट नियुक्त व्यक्ति | अध्यक्ष | श्री महेश बराल |
| सह-सचिव, अर्थ मन्त्रालय | सदस्य | |
| सह-सचिव, कानुन,न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | सदस्य | श्री दलबहादुर अधिकारी |
| कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | सदस्य | श्री तुलसी प्रसाद घिमिरे |
| उपाध्यक्ष (प्रतिनिधि), नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्था | सदस्य | सि.ए. नील बहादुर सारु मगर |
| उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य | श्री गोकर्ण राज अवस्थी |
| पुँजीबजार विज्ञहरुमध्ये नेपाल सरकार(अर्थ मन्त्रालय)बाट मनोनित | विज्ञ सदस्य | श्री भोला नाथ ढुंगाना |


## ❖ बोर्डको संगठनात्मक स्वरुप :

नेपाल धितोपत्र बोर्डको संगठन स्वरुप देहाय बमोजिम रहेको छ ।

(सञ्चालक बोर्डको मिति २०७९/१२/१४ को निर्णयसँग सम्बन्धित)

नेपाल धितोपत्र बोर्डको

सङ्गठन संरचना




## २. बोर्डको काम कर्तब्य र अधिकार :

धितोपत्र सम्वन्धी ऐन,२०६३ बमोजिम बोर्डको देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु रहेका छन्:

- धितोपत्र बजार संचालन अनुमति दिने, धितोपत्र बजारको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र बजारको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।
- धितोपत्र व्यवसाय संचालन गर्ने अनुमतिपत्र दिने तथा धितोपत्र व्यवसायीको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र व्यवसायीको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।
- धितोपत्र व्यवसायीको कार्य तथा क्षमता अनुरुप वर्गीकरण गर्ने र स्तर कायम गर्ने ।
- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- दर्ता भएको धितोपत्रको निष्काशन, हस्तान्तरण, बिक्री र विनिमयलाई नियमित तथा व्यवस्थित गर्ने ।
- पुँजी बजारको विकाससँग सम्वन्धित विषयका सम्वन्धमा नेपाल सरकारलाई आवश्यकतानुसार परामर्श दिने ।
- सामूहिक लगानी योजना तथा लगानी कोष कार्यक्रम संचालन गर्न स्वीकृति दिने तथा सोको नियमन र अनुगमन गर्ने ।
- धितोपत्र बजार तथा धितोपत्र कारोबारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियम स्वीकृत गर्ने ।
- पुँजी बजारको बिकास तथा धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न धितोपत्र बजार तथा कारोवारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियममा आवश्यकता अनुरुप संशोधन गर्न आदेश दिने ।
- धितोपत्र कारोबार सम्वन्धी हिसाव राफसाफ गर्ने कामलाई नियमित तथा व्यवस्थित गर्ने ।
- धितोपत्र बजारको सम्वर्द्धन, प्रवर्द्धन र स्वच्छ संचालनका लागि धितोपत्रको परिमाण र कारोबारको तरिकालाई नियमित गर्न आवश्यक व्यवस्था गर्ने गराउने ।
- धितोपत्र लगानीकर्ताको हितको संरक्षण गर्नका लागि धितोपत्रको भित्री कारोवार वा धितोपत्र कारोबार सम्वन्धी अन्य कसुर हुन नदिन आवश्यक व्यवस्था गर्ने ।
- धितोपत्र निष्काशन गर्ने संगठित संस्था तथा धितोपत्र व्यवसायीले पेश गरेको आर्थिक विवरण पुनरावलोकन गर्ने, गराउने र तत्सम्वन्धमा आवश्यक देखेको निर्देशन सम्वन्धित संगठित संस्थालाई दिने ।
- धितोपत्र वा कम्पनी सम्वन्धी मामिलाका सम्वन्धमा सुपरिवेक्षण तथा नियमन गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी सहयोग लिने दिने ।
- धितोपत्र तथा पुँजी बजार विकासका सम्वन्धमा आवश्यक अन्य कामहरु गर्ने गराउने ।
- धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम बोर्डले पुँजीबजारको नियमन तथा अनुगमन गर्ने पूर्ण अधिकार प्राप्त गरेको र उक्त ऐनको दफा १०१ को व्यवस्था अनुसार ऐनको बर्खिलाप हुने कार्य गरेमा उक्त कार्य गर्ने व्यक्ति, धितोपत्र व्यवसायी तथा अन्य संस्थाहरुलाई कसूर अनुसार पचास हजारदेखि तीन लाखसम्म जरिवाना तथा दुई वर्षसम्म कैद वा कारोबार, पेशा वा व्यवसाय गर्न आंशिक वा पूर्ण रूपमा रोक लगाउने र अनुमतिपत्र, इजाजतपत्र वा दर्ता निलम्बन गर्ने वा खारेज गर्ने व्यवस्था समेत रहेको छ ।

**धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम बोर्डका देहाय बमोजिमका विशेष अधिकारहरु रहेका छन्**

- धितोपत्र सार्वजनिक निष्काशन गरेका संगठित संस्थाले प्रचलित कानुन बमोजिम बोलाउनु पर्ने साधारण सभा निर्धारित समयभित्र नबोलाएमा साधारण सभा बोलाउन तथा निर्धारित समयभित्र धितोपत्र बाँडफाँट नगरेमा त्यस्तो धितोपत्रको लागि जम्मा भएको रकम फिर्ता गर्न आदेश दिने,
- धितोपत्र बजारसँग परामर्श गरी बढीमा पाँच दिनसम्मका लागि धितोपत्र बजार बन्द गर्न आदेश दिने तथा धितोपत्र सूचीकरण गराउन वा धितोपत्रको कारोबार रोक्न सम्बन्धित संगठित संस्थालाई निर्देशन दिने,
- धितोपत्र बजारको सञ्चालक समिति पुनर्संरचना गर्न धितोपत्र बजारलाई निर्देशन दिने,
- धितोपत्र बजारले आफ्नो सदस्यलाई कुनै कारबाही गरेको जानकारी उक्त ऐनको दफा ५२ बमोजिम प्राप्त गरेमा त्यस्तो सदस्यलाई उपयुक्त कारबाही गर्ने वा त्यस्तो सदस्यको अनुमतिपत्र खारेज गर्ने,
- धितोपत्र दर्ता गराएका संगठित संस्थालाई सो संस्थाको व्यवस्थापन, आर्थिक प्रबन्ध तथा अन्य सम्बन्धित व्यवस्थामा सुधार गर्न निर्देशन दिने,
- धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराउने संगठित संस्थाका कुनै सञ्चालक वा कर्मचारीले धितोपत्र सम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम र सो अन्तर्गत बोर्डले दिएको आदेश वा निर्देशन उल्लंघन गरेमा त्यस्ता सञ्चालक वा कर्मचारीलाई आवश्यक कारबाही चलाउन सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी वा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई आदेश दिने लगायतका अन्य अधिकारहरु समेत बोर्डमा रहेका छन् ।

**वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डका देहाय अनुसारका काम, कर्तव्य र अधिकारहरु रहेका छन् :**

- वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सुझाव दिने ।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने ।
- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने ।
- कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने ।

- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने ।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने
- अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमनकारी निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## ३.बोर्डमा कार्यरत रहेका कर्मचारी संख्या र कार्य विवरण:

| कार्यरत पद | संख्या | कार्य बिबरण |
|---|---|---|
| अध्यक्ष | १ | संस्था प्रमुख |
| कार्यकारी निर्देशक | ४ | विभागीय प्रमुख |
| उप-कार्यकारी निर्देशक | ८ | महाशाखा प्रमुख |
| निर्देशक | २० | शाखा प्रमुख |
| का.मु.निर्देशक | २ | शाखा प्रमुख |
| सहायक निर्देशक | ३१ | कार्यालयको कार्य |
| का.मु.सहायक निर्देशक | २ | कार्यालयको कार्य |
| बरिष्ठ सहायक | ६ | कार्यालयको कार्य |
| सहायक | ३ | कार्यालयको कार्य |
| सवारी चालक | १ | सवारी चालक |
| सहयोगी | ५ | कार्यालय सहयोगी |
| सवारी चालक (करार) | ५ | सवारी चालक |
| सहयोगी (करार) | ४ | कार्यालय सहयोगी |
| जम्मा | ९२ | |

## ४. बोर्डबाट प्रदान गरिने सेवाहरु :

**१) धितोपत्र नियमन महाशाखा**

क) शेयर दर्ता तथा निष्काशन शाखा

| क्र.सं. | सेवाको विवरण | पेश गर्नुपर्ने कागजात | सम्पर्क अधिकारी | लाग्ने समय | शुल्क/दस्तुर | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | धितोपत्र दर्ता | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३ बमोजिमको कागजातहरु | निर्देशक, शेयर दर्ता तथा निष्काशन शाखा | दर्ता दस्तुर बुझाएको ७ कार्य दिन / प्राप्त विवरण तथा कागजातको जाँचबुझ गर्दा धितोपत्र दर्ता गर्न मनासिब नदेखिएमा बोर्डले त्यस्तो धितोपत्र दर्ता गर्ने छैन । | निवेदन दस्तुर: रु.२०,०००।-<br>**दर्ता दस्तुर (धितोपत्र निष्काशन मूल्यको):**<br>१) शेयर: ०.२ प्रतिशत | उप कार्यकारी निर्देशक, धितोपत्र नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | **विवरणपत्र/ हकप्रद शेयर निष्काशन सम्बन्धी विवरण/ परिपत्र विधिको विवरण/बिक्री प्रस्ताव/विवरण पुस्तिकाको जाँचबुझ तथा सुधार एवं संशोधन गर्न रायप्रतिक्रिया दिने** | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिमका आवश्यक कागजातहरु | | | प्रशोधन शुल्क रु.२५,०००।- | | |
| ३ | **विवरणपत्र/ हकप्रद शेयर निष्काशन सम्बन्धी विवरण/ परिपत्र विधिको विवरण/बिक्री प्रस्ताव/विवरण पुस्तिका प्रकाशन गर्न स्वीकृत प्रदान गर्ने** | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, बमोजिमका आवश्यक कागजातहरु | | सम्पूर्ण कागजात पेश भई राय प्रतिक्रिया बमोजिम संशोधन गरिएको विवरणपत्र पेश गरी धितोपत्र दर्ता दस्तुर बुझाएको ७ कार्य दिन | | | |

ख) ऋणपत्र, लगानीकोष तथा अन्य धितोपत्र दर्ता निष्काशन शाखा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ऋणपत्र तथा बण्डको दर्ता तथा निष्काशन | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २९ | निर्देशक, ऋणपत्र, लगानीकोष तथा अन्य धितोपत्र दर्ता निष्काशन शाखा | दर्ता : दर्ता दस्तुर बुझाएको ७ कार्य दिन<br>विवरणपत्र प्रकाशनको स्वीकृति : सम्पूर्ण कागजात पेश भई राय प्रतिक्रिया बमोजिम संशोधन गरिएको विवरणपत्र पेश भएको ७ कार्य दिन | १) डिवेन्चर तथा बन्ड:<br>(क) १० अर्वसम्म ०.१५ प्रतिशत<br>(ख) १० अर्व देखि माथि २० अर्वसम्म ०.१२ प्रतिशत<br>(ग) २० अर्व देखि माथि ०.१० प्रतिशत | उप कार्यकारी निर्देशक, धितोपत्र नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | अन्तर्राष्ट्रिय वित्तीय संस्थाको ऋणपत्र तथा अन्य धितोपत्र दर्ता तथा निष्काशन | | | | अन्तर्राष्ट्रिय वित्तीय संस्थाको ऋणपत्र तथा अन्य धितोपत्र दर्ता तथा निष्काशन<br>१) धितोपत्र निष्काशन मूल्यको ०.१० प्रतिशत | | |
| ३ | सामुहिक लगानी योजनाको दर्ता तथा निष्काशन | सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिमका आवश्यक कागजातहरु | | | सामुहिक लगानी योजना अन्तर्गतको:<br>१) योजना दर्ता तथा निष्काशन शुल्क<br>क) एक अर्व रुपैयाँसम्म ०.१० प्रतिशत वा न्यूनतम पाँच लाख रुपैयाँ<br>ख) एक अर्व देखि २ अर्व रुपैयाँ सम्म ०.०७५ प्रतिशत वा न्यूनतम दश लाख रुपैयाँ<br>ग) दुई अर्व रुपैयाँ देखि माथि ०.०५ प्रतिशत वा न्यूनतम पन्ध्र लाख रुपैयाँ | | |
| ४ | विशिष्टीकृत लगानी कोष दर्ता तथा निष्काशन | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिमका आवश्यक कागजातहरु | | | १) निवेदन शुल्क रु.५० हजार रुपैयाँ<br>२) कोष दर्ता शुल्क<br>क) १ करोड रुपैयाँ देखि ५० करोड रुपैयाँसम्म ५ लाख रुपैयाँ<br>ख) ५० करोड रुपैयाँ देखि १ अर्व रुपैयाँसम्म ७ लाख रुपैयाँ<br>ग) १ अर्व रुपैयाँ देखि माथि जतिसुकै भएपनि १० लाख रुपैयाँ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ग) धितोपत्र बजार, सिडिएस तथा धितोपत्र व्यवसायी नियमन शाखा | | | | | | | |
| १ | धितोपत्र दलाल तथा धितोपत्र व्यापारीलाई धितोपत्र व्यवसाय गर्नको लागि अनुमति पत्र प्रदान गर्ने | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३ बमाजिमको बिवरण तथा कागजात । | निर्देशक, धितोपत्र व्यवसायी नियमन शाखा | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **धितोपत्र दलाल:**<br>निवेदन दस्तुर -<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ५०,०००।-<br>(क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. १,००,०००।-<br>अनुमति दस्तुर -<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. २५,००,०००।-<br>(क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ५०,००,०००।-<br>**धितोपत्र व्यापारी :**<br>निवेदन दस्तुर: रु.२,००,०००।-,<br>अनुमति दस्तुर: रु. १,००,००,०००।- | उप कार्यकारी निर्देशक, धितोपत्र नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | शेयर बिक्री वा हस्तान्तरण गर्दा अभिलेख गर्ने | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम १२ को उपनियम (५) बमाजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | शेयरको बिक्री मूल्यको शून्य दशमलब पच्चीस प्रतिशत | | |
| ३ | आधिकारिक प्रतिनिधिको दर्ता | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २३ बमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | योग्यता पुगेको तथा सोही नियमावलीको नियम २१ को उपनियम (३) बमोजिमको निवेदन, बिवरण तथा कागजात । | | | | | |
| ४ | **धितोपत्र दलाल तथा धितोपत्र व्यापारी तथा बजार निर्माताको अनुमति नविकरण गर्ने ।** | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को अनुसूचि ८ बमोजिमको ढाँचामा निवेदन तथा सक्कल प्रमाण पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **<u>धितोपत्र दलाल</u> :-**<br>बार्षिक शुल्क -<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. १,५०,०००।-<br>(क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ३,००,०००।-<br>**<u>धितोपत्र व्यापारी</u> :-** रु.५,००,००० ।-<br><u>प्रतिलिपी शुल्कः</u> रु.२५,०००। | | |
| ५ | **धितोपत्र व्यवसाय ( मर्चेन्ट बैंकर) गर्नको लागी अनुमति पत्र प्रदान गर्ने ।** | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **<u>निष्काशन तथा बिक्री प्रबन्धकः</u>**<br>निवेदन दस्तुर रु. २५,०००।-,<br>अनुमति दस्तुर रु. ३००,०००।-<br>**<u>शेयर रजिष्ट्रेशनः</u>**<br>निवेदन दस्तुर रु. २५,०००।- अनुमति पत्र दस्तुर रु. २००,०००।-<br>**<u>धितोपत्र प्रत्याभूतिः</u>**<br>निवेदन दस्तुर रु. २५,०००।- अनुमतिपत्र दस्तुर रु. ३००,०००।-<br>**<u>लगानी व्यवस्थापनः</u>**<br>निवेदन दस्तुर रु. २५,०००।-, अनुमतिपत्र दस्तुर रु. २००,०००।-<br>**<u>लगानी परामर्शः</u>**<br>निवेदन दस्तुर रु. २५,०००।-, अनुमतिपत्र दस्तुर रु. ३००,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | शेयर विक्रि वा हस्तान्तरण गर्दा अभिलेख गर्ने | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १० को उपनियम (७) बमोजिम विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | शेयरको बिकी मूल्यको शून्य दशमलव तीन प्रतिशत | | |
| ७ | धितोपत्र व्यवसाय ( मर्चेन्ट बैंकर) को अनुमति पत्र नविकरण गर्ने । | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ७ बमोजिम निवेदन तथा सक्कल अनुमतिपत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि ३० दिन भित्र । | निष्काशन तथा बिक्री प्रबन्ध रु. १५०,०००।-,<br>शेयर रजिष्ट्रेशन रु. १००,०००।-,<br>धितोपत्र प्रत्याभूति रु. १५०,०००।-,<br>लगानी व्यवस्थापन रु. १००,०००।-<br>लगानी परामर्शः रु. १५०,०००।- | | |
| ८ | अनुमतिपत्रको प्रतिलिपि प्रदान गर्ने | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ७क बमोजिम विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ७ दिन भित्र । | प्रतिलिपि शुल्क रु.१०,०००।- | | |
| ९ | धितोपत्र बजार संचालन गर्न सिफारिस प्रदान गर्ने | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ३ को उपनियम (२) बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | निवेदन दस्तुर रु.१,००,०००।- | | |
| १० | धितोपत्र बजार संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने । | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ४ को उपनियम (२) बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | रु. १,५०,००,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | धितोपत्र बजार संचालन अनुमतिपत्र नविकरण गर्ने । | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ८ बमोजिम निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | रु. १०,००,०००।- | | |
| १२ | सामुहिक लगानी कोष दर्ता गर्ने | सामुहिक लगानी कोष नियमावली, २०६७ नियम ३ बमोजिम योग्यता पूरा भएको तथा नियम ४ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. ५०,०००।-<br>दर्ता दस्तुर रु. १०,००,०००।- | | |
| १३ | योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र प्रदान गर्ने | सामुहिक लगानी कोष नियमावली, २०६७ नियम १४ र १५ बमोजिम योग्यता पूरा भएको तथा नियम १३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | अनुमतिपत्र दस्तुर<br>योजना व्यवस्थापक रु.५,००,०००।-<br>डिपोजिटरी रु.१००,०००।- | | |
| १४ | योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र नवीकरण गर्ने | सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम १७ बमेजिम निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | अनुमतिपत्र दस्तुर<br>योजना व्यवस्थापक रु.१,००,०००।-<br>डिपोजिटरी रु.२५,०००।- | | |
| १५ | कोष सुपरिवेक्षक नियुक्ति गर्न स्वीकृति प्रदान गर्ने | सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ७ बमोजिम योग्यता पूरा भई सोही नियमावलीको नियम ६ बमोजिमको विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |
| १६ | धितोपत्रको केन्द्रिय | धितोपत्रको केन्द्रिय निक्षेप | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण | निवेदन दस्तुर रु. २५,०००।-<br>अनुमतिपत्र दस्तुर रु.५,००,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निक्षेप कम्पनीको अनुमतिपत्र प्रदान गर्ने | सेवा नियमावली, २०६७ को नियम ३ बमोजिमको बिवरण तथा कागजात । | | कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | | | |
| १७ | धितोपत्रको केन्द्रिय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण गर्ने | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ बमोजिमको निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु.३,००,०००। - | | |
| १८ | केन्द्रीय निक्षेप कम्पनीको शेयर विक्री वा हस्तान्तरण गर्ने | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम १६ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | शेयर विक्री मूल्यको ०.५ प्रतिशत | | |
| १९ | निक्षेप सदस्यको दर्ता प्रमाणपत्र प्रदान गर्ने । | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २० बमोजिम योग्यता पूरा भई नियम २१ बमोजिमको विवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. ५,०००।-<br>अनुमतिपत्र दस्तुर रु.५०,०००।- | | |
| २१ | निक्षेप सदस्यको दर्ता प्रमाणपत्र नवीकरण गर्ने । | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ बमोजिमको निवेदन तथा सक्कल दर्ताप्रमाणपत्र पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु २५,०००।- | | |
| २२ | क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्न सहमतिपत्र प्रदान गर्ने | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ४ बमोजिमको विवरण तथा कागजात ॥ | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |
| २३ | क्रेडिट रेटिङ्ग | क्रेडिट रेटिङ्ग नियमावली, | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण | निवेदन दस्तुर रु. १०,०००।-<br>अनुमतिपत्र दस्तुर रु. १,५०,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कम्पनीको अनुमतिपत्र प्रदान गर्ने । | २०६८ को नियम ६ बमोजिमको विवरण तथा कागजात | | कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | | | |
| २४ | क्रेडिट रेटिङ्ग कम्पनी को अनुमतिपत्र नवीकरण गर्ने । | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ११ बमोजिमको निवेदन तथा सक्कल अनुमितपत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु. १,००,०००।- | | |
| २५ | आस्वा सेवा अनुमति प्रदान गर्ने | धितोपत्र खरिद ( सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ३, ४ र ५ वमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. ५,०००।-<br>अनुमतिपत्र दस्तुर रु. २५,०००।- | | |
| २६ | आस्वा सेवा अनुमति नवीकरण | धितोपत्र खरिद ( सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ६ वमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु. २५,०००।- | | |
| २७ | विशिष्टिकृत लगानी कोषको संचालन तथा व्यवस्थापन गर्न कोष व्यवस्थापकको अनुमतिपत्र लिनुपर्ने | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम २, ३ र ४ बमोजिम निवेदन | निर्देशक, धितोपत्र निष्काशन, सामूहिक लगानी कोष तथा विशिष्टिकृत लगानी कोष शाखा | ३५ दिन | १) कोष व्यवस्थापक दर्ता शुल्क रु.३ लाख<br>२) कोष व्यवस्थापकको बार्षिक शुल्क रु.१ लाख ५० हजार | उप कार्यकारी निर्देशक, नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २८ | विशिष्टिकृत लगानी कोष बोर्डमा दर्ता गर्नुपर्ने | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम १४ बमोजिम निवेदन | | | १) निवेदन शुल्क रु.५० हजार<br>२ कोष दर्ता शुल्क:<br>क) १ करोड रुपैयाँ देखि ५० करोड रुपैयाँसम्म ५ लाख रुपैयाँ<br>(ख) ५० करोड रुपैयाँ देखि १ अर्व | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | रुपैयाँसम्म ७ लाख रुपैयाँ<br>(ग) १ अर्ब रुपैयाँ देखि माथि जतिसुकै भएपनि १० लाख रुपैयाँ | | |
| २) वस्तु विनिमय नियमन महाशाखा | | | | | | | |
| १ | वस्तु विनिमय बजार सञ्चालन गर्न पूर्व स्वीकृति लिनुपर्ने | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ३, ४ र ५ वमोजिमको कागजात तथा विवरण | निर्देशक, वस्तु बजार तथा व्यवसायी नियमन शाखा र वस्तु करार, विनिमय र राफसाफ तथा फस्छ्यौंट शाखा | ३० दिन | निवेदन दस्तुरः रु. २५,०००।-<br>पूर्व स्वीकृति शुल्कः रु. ५०,०००।- | उप कार्यकारी निर्देशक, वस्तु विनिमय नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्ने | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ६ र ७ वमोजिम कागजात तथा विवरण | | १२० दिन | निवेदन दस्तुरः रु. २५,०००।-<br>अनुमति दस्तुरः रु. २५,००,०००।- | | |
| ३ | वस्तु विनिमय बजार सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ८ वमोजिम कागजात तथा विवरण | | ३० दिन | नवीकरण दस्तुरः रु. ७५०,०००।- | | |
| ४ | वस्तु कारोवार व्यवसायी अनुमतिपत्र लिनुपर्ने | बजार सम्बन्धी नियमावली, २०७४ को नियम ६ र ७ वमोजिम कागजात तथा विवरण | | ९० दिन | **राफसाफ तथा फर्स्यौट**<br>निवेदन दस्तुरः रु. २०,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ४००,०००।-<br>**वेयर हाउस**<br>निवेदन दस्तुरः रु. २०,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ५००,०००।-<br>**बजार निर्माता**<br>निवेदन दस्तुरः रु. २०,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ४००,०००।-<br>**लगानी व्यवस्थापक**<br>निवेदन दस्तुरः रु. १५,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ३००,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **लगानी परामर्शदाता**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।-<br>**संरक्षक (कस्टोडियन)**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।-<br>**वस्तु कारोबार दलाल**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।-<br>**वस्तु कारोबार व्यापारी**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।- | | |
| ५ | वस्तु कारोवार व्यवसायी अनुमतिपत्र नवीकरण | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ८ वमोजिम निवेदन | | | **नवीकरण दस्तुर**<br>राफसाफ तथा फर्स्यौंट: रु. १२०,०००।-<br>वेयर हाउस: रु. १५०,०००।-<br>बजार निर्माता: रु. १२०,०००।-<br>लगानी व्यवस्थापक: रु. ९०,०००।-<br>लगानी परामर्शदाता: रु. ९०,०००।-<br>संरक्षक (कस्टोडियन): रु. ९०,०००।-<br>वस्तु कारोबार दलाल: रु. ९०,०००।-<br>वस्तु कारोबार व्यापारी: रु. ९०,०००।- | | |
| ३) कानून महाशाखा | | | | | | | |
| क) गुनासो व्यवस्थापन शाखा | | | | | | | |
| १ | लगानीकर्ता तथा धितोपत्र बजारमा असर पर्ने कुनै पनि गुनासाहरु समाधान गर्ने । | सम्बन्धित विषयमा आफ्नो गुनासो र त्यस गुनासोलाई पुष्टि गर्ने अन्य कागजात (कागजात भएको खण्डमा) । | निर्देशक, कानून प्रवलीकरण शाखा | धितोपत्र सम्बन्धी कसूर सम्बन्धमा बोर्डमा उजुरी दर्ता पश्चात धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नियमावलीहरुको व्यवस्था अनुसार उक्त उजुरी उपर अनुसन्धान तथा तहकिकात कार्य अगाडी बढाउने र बोर्डको टोलफि तथा | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, कानून महाशाखा | कार्यकारी निर्देशक, व्यवस्थापन तथा कानुन विभाग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | हटलाईन, टेलिफोनबाट प्राप्त समस्या, गुनासो तथा जिज्ञासाको तत्समयमा सम्बन्धित महाशाखा, शाखासंग समन्वय गरी सम्बोधन गर्ने । | | | |
| ४) नीति, अनुसन्धान तथा सूचना प्रविधि महाशाखा | | | | | | | |
| क) नीति, अनुसन्धान तथा योजना शाखा | | | | | | | |
| १ | अध्ययन तथा प्रकाशन सम्बन्धी जानकारी | | निर्देशक, अनुसन्धान, संस्थागत नीति योजना तथा जोखिम व्यवस्थापन शाखा | सोही दिन | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, धितोपत्र तथा वस्तु बजार अनुसन्धान महाशाखा | कार्यकारी निर्देशक, वस्तु बजार तथा अनुसन्धान विभाग |
| ख) तालिम, प्रशिक्षण तथा प्रमाणिकरण शाखा शाखा | | | | | | | |
| १ | धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी शिक्षा तथा तालिमको जानकारी | | निर्देशक, प्रशिक्षण तथा वित्तीय साक्षरता शाखा | सोही दिन | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, धितोपत्र तथा वस्तु बजार अनुसन्धान महाशाखा | कार्यकारी निर्देशक, वस्तु बजार तथा अनुसन्धान विभाग |

## ५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

नेपाल धितोपत्र बोर्डको काठमाडौं बाहिर कुनै पनि शाखा कार्यालय नरहेको ।

## ६. बोर्डको विभाग, महाशाखा र जिम्मेवार अधिकारी:

| सि नं. | जिम्मेवार अधिकारी | बिभाग/महाशाखा /शाखा | टेलिफोन नं. |
|---|---|---|---|
| १ | **कार्यकारी निर्देशक**, डा. नवराज अधिकारी | नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१८ |
| २ | **कार्यकारी निर्देशक,** श्री विनयदेव आचार्य | सुपरीवेक्षण विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०७ |
| ३ | **कार्यकारी निर्देशक** , श्री मुक्तिनाथ श्रेष्ठ | नियमन विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१५ |
| ४ | **कार्यकारी निर्देशक**, श्री कृष्ण राज पोखरेल | व्यवस्थापन तथा कानुन विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं.४०८ |
| ६ | **उप कार्यकारी निर्देशक,** श्री रुपेश के. सी | धितोपत्र कारोबार तथा वस्तुबजार सुपरिवेक्षण महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०७ |
| ७ | **उप कार्यकारी निर्देशक,** श्री दीपा दाहाल | वस्तु विनिमय नियमन महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०६ |
| ८ | **उप कार्यकारी निर्देशक,** श्री निरञ्जय घिमिरे | कानुन महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०६ |
| ९ | **उप कार्यकारी निर्देशक,** श्री अम्विका प्रसाद गिरी | धितोपत्र नियमन महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१४ |
| १० | **उप कार्यकारी निर्देशक,** श्री नारायण प्रसाद शर्मा | तालिम, प्रशिक्षण तथा वित्तीय साक्षरता महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१५ |
| ११ | **उप कार्यकारी निर्देशक,** श्री दिपेश ताम्राकार | धितोपत्र बजार तथा व्यवसायी सुपरिवेक्षण महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०३ |
| १२ | **उप कार्यकारी निर्देशक,** श्री तेज प्रसाद देवकोटा | व्यवस्थापन महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०८ |
| १३ | **उप कार्यकारी निर्देशक** , श्री कृष्ण प्रसाद घिमिरे | नीति अनुसन्धान तथा सूचना प्रविधि महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०४ |
| १४ | **निर्देशक,** श्री रीतम्भरा बस्नेत (गुनासो व्यवस्थापन) | गुनासो व्यवस्थापन शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०९ |
| १५ | **निर्देशक,** श्री श्यामु मण्डल | जनसम्पर्क तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३१४ |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

बोडको सेवा प्राप्त गर्न बुंदा नं.४ को तालिकामा उल्लेख भए बमोजिमको शुल्क तथा समय लाग्दछ ।

## ८.निणर्य गर्ने प्रक्रिया र अधिकारी :

बोर्डमा गरिने निर्णयहरु धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम हुने गर्दछन् । बिभिन्न शाखाहरुबाट उठान भएको बिषयमा तहगत रुपमा राय पेश हुदै केही बिषयमा बोर्ड अध्यक्षबाट निर्णय हुन्छ । केही बिषयहरु संचालक समितिमा पेश भई सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## ९.निणर्य उपर उजुरी सुन्ने अधिकारी :

कार्यकारी अध्यक्ष

## १०.सम्पादन गरेको कामको विवरण :

आ.व.२०८०।८१ को चौथो त्रैमासम्ममा बोर्डबाट सम्पन्न भएका प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :

### धितोपत्र नियमन महाशाखा अन्तर्गत भएका कार्यहरु:

**अनुमतिपत्र तथा स्वीकृति प्रदान सम्बन्धी कार्य विवरणहरु :**

आ.व. २०८०।८१ को चौथो त्रैमासिक अवधिसम्ममा बोर्डबाट अनुमतिपत्र प्रदान तथा नविकरण गर्ने सम्बन्धमा गरिएका कार्यहरु देहाय बमोजिम रहेको छ ।

**धितोपत्र नियमन महाशाखा अन्तर्गत आ.व.२०८०।०८१ का चौथो त्रैमास सम्ममा सम्पन्न कार्यहरुको विवरण:**

| क्र.सं | विवरण | संख्या |
|---|---|---|
| १ | धितोपत्र बजारको अनुमतिपत्र नविकरण | १ वटा |
| २ | केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नविकरण | १ वटा |
| ३ | आश्वा सदस्यहरुको नविकरण | ४३ वटा |
| ४ | निक्षेप सदस्यहरुको नविकरण | ८८ वटा |
| ५ | मर्चेन्ट बैंकरको अनुमतिपत्र नविकरण | २९ वटा |
| ६ | धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्र नविकरण | ६७ वटा |
| ७ | स्टक डिलरको अनुमतिपत्र नविकरण | २ वटा |
| ८ | क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र नविकरण | ३ वटा |
| ९ | प्राइभेट इक्युटी र भेन्चर क्यापिटलको अनुमतिपत्र प्रदान गरिएको | १२ वटा |
| १० | प्राइभेट इक्युटी र भेन्चर क्यापिटलको कोष दर्ताको स्वीकृती | ४ वटा |

| | | |
|---|---|---|
| ११ | प्राइभेट इक्युटी र भेन्चर क्यापिटलको कोष दर्ताको स्वीकृती प्रकृयामा रहेको | २ वटा |
| १२ | योग्य संस्थागत लगानीकर्ताको अनुमतिपत्र प्रदान गरिएको | १५० वटा |
| १३ | प्राथमिक सार्वजनिक निष्काशनको विवरणपत्र स्वीकृती | ७ वटा |
| १४ | थप सार्वजनिक निष्काशनको विवरणपत्र स्वीकृति | ३ वटा |
| १५ | हकप्रद निष्काशनको विवरणपत्र स्वीकृति | ७ वटा |
| १६ | ऋणपत्र निष्काशनको विवरणपत्र स्वीकृति | ४ वटा |
| १७ | बोनस शेयर रजिष्ट्रेशन | ५७ वटा |
| १८ | सामुहिक लगानी कोष योजना स्वीकृती (४ वटा सामुहिक लगानी कोषको थप नँया इकाई स्वीकृती प्रदान गरिएको) | ६ वटा |

**निक्षेप सदस्यको अनुमतिपत्र प्रदान गरिएको सम्बन्धी विवरण**

| क्र.सं. | निवेदकको नाम |
|---|---|
| १ | शुभकामना सेक्युरिटिज प्रा.लि । |
| २ | एलिट स्टक हाउस लि । |
| ३ | क्लश स्टक मार्केट प्रा.लि । |
| ४ | इन्डेक्स सेक्युरिटिज लि । |
| ५ | ईन्फिनिटी सेक्युरिटिज लि |
| ६ | हातेमालो फाईनान्सियल सर्भिसेस प्रा. लि.। |
| ७ | मनिवर्ल्ड शेयर एक्सचेन्ज प्रा लि. |
| ८ | माछापुच्छ्रे सेक्युरिटिज लि. |
| ९ | इन्दिरा सेक्युरिटिज प्रा.लि. |
| १० | ओपल सेक्युरिटिज इन्भेष्टमेण्ट प्रा.लि |
| ११ | नागरिक स्टक डिलर कं.लि |
| १२ | एलिट मर्चेण्ट क्यापिटल लि । |
| १३ | आकाशभैरव सेक्युरिटिज लि । |
| १४ | स्टक्स्कार्टस् सेक्युरिटिज लि । |
| १५ | ब्लु चिप सेक्युरिटिज लि । |
| १६ | मिल्की वे सेयर ब्रोकर कम्पनी लि । |
| १७ | एस.पि.एस.ए. सेक्युरिटिज लि.। |
| १८ | क्यापिटल हब प्रा. लि । |
| १९ | अरुण सेक्युरिटिज लि । |
| २० | पाही इन्भेष्टमेन्ट प्रा.लि । |
| २१ | गरिमा सेक्युरिटिज लि । |
| २२ | सजिलो ब्रोकर लि । |
| २३ | रोडसो सेक्युरिटिज लि । |

| क्र.सं. | निवेदकको नाम |
|---|---|
| २४ | के.बि.एल सेक्युरिटिज लि । |

**धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र प्रदान गरिएको सम्बन्धी विवरण**

| क्र.सं | नम | धितोपत्र व्यवसायको किसिम |
|---|---|---|
| १. | मिल्की वे सेयर ब्रोकर कम्पनी लि.,<br>माहाराजगञ्ज, काठमाडौं । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| २. | क्यापिटल हब प्रा.लि.,<br>अनामनगर, काठमाडौं । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| ३. | आकाशभैरव सेक्युरिटिज लि.,<br>ललितपुर मा.न.पा.-४, ललितपुर | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| ४. | पाही इन्भेष्टमेन्ट प्रा.लि.,<br>गोकर्णेश्वर-७, काठमाण्डौ । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| ५. | एस्.पी.एस्.ए. सेक्युरिटिज लि.,<br>बानेश्वर, काठमाडौं । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| ६. | एन.एम.बि. सेक्यूरिटिज लि.,<br>नक्साल, काठमाडौं । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| ७. | सानिमा सेक्यूरिटिज लि.,<br>नक्साल, काठमाडौं । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| ८. | स्टक्स्कार्टस् सेक्युरिटिज लि.,<br>का.म.न.पा २९, काठमाडौं । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| ९. | इन्दिरा सेक्युरिटिज प्रा.लि.,<br>सुन्धारा, काठमाडौं । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| १०. | ब्लु चिप सेक्युरिटिज लि.,<br>का.म.न.पा -३, काठमाडौं । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| ११. | गरिमा सेक्युरिटीज् लि.,<br>का.म.न.पा -१५, काठमाडौं । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| १२ | जे.बि.एन.एल.सेक्युरिटिज लि.<br>बानेश्वर, काठमाडौं । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| १३ | आर.वि.वि.सेक्युरिटीज कम्पनी लि.<br>दरबारमार्ग, काठमाण्डौ । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| १४ | सि.वि.आई.एल.सेक्यूरिटिज लि.<br>कुपण्डोल, ललितपुर । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| १५ | सजिलो ब्रोकर लि.,<br>ललितपुर मा.न.पा.०३, ललितपुर । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| १६ | रोडसो सेक्युरिटिज लि.,<br>सुन्धारा, काठमाण्डौ । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| १७ | बेनी सेक्युरिटिज प्रा. लि.,<br>वानेश्वर, काठमाण्डौ । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |

| क्र.सं | नम | धितोपत्र व्यवसायको किसिम |
|---|---|---|
| १८ | हिमालयन सेक्युरिटिज लि.,<br>सुन्धारा, काठमाण्डौ । | सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| १९ | सनी सेक्यूरिटिज कम्पनी लि.,<br>नक्साल, काठमाण्डौ । | पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायी |
| २० | म्याग्नेट सेक्युरिटिज् एण्ड इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.,<br>नयाँ बानेश्वर, काठमाण्डौ । | सिमित कार्य गर्ने धितोपत्र दलाल |
| २१ | एप्पल सेक्युरिटिज प्रा.लि.,<br>नक्साल, काठमाण्डौ । | सिमित कार्य गर्ने धितोपत्र दलाल |
| २२ | सन्‌राइज सेक्युरीटीज लिमिटेड,<br>गैह्रिधारा, काठमाण्डौ । | सिमित कार्य गर्ने धितोपत्र दलाल |
| २३ | प्रभु स्टक मार्केट लिमिटेड,<br>काठमाण्डौं जिल्ला का.म.न.पा.- १०, बुद्धनगर । | सिमित कार्य गर्ने धितोपत्र दलाल |
| २४ | ट्रेडमो सेक्युरिटीज प्राइभेट लिमिटेड,<br>काठमाण्डौं जिल्ला, का.म.न.पा.-०४, धुम्बराही । | सिमित कार्य गर्ने धितोपत्र दलाल |

यस सँगै धितोपत्र दलाल व्यवसायीको शाखा संख्या ९० पुगेको छ ।

**धितोपत्र दलाल व्यवसायीको शाखा कार्यलयको स्वीकृती सम्बन्धी विवरण**

| क्र.सं | धितोपत्र दलाल व्यवसायीको नाम | शाखा रहने स्थान |
|---|---|---|
| १ | सनी सेक्यूरिटिज कम्पनी लि. | नवलपुर जिल्लाको देवचुली न.पा. १३ |

धितोपत्र दलाल व्यवसायीको कुल शाखा कार्यलय १०३ रहेको ।

**सार्वजनिक निष्काशनको विवरणपत्र स्वीकृतीः**

| क्र.सं. | निष्काशनको प्रकार | दर्ता संख्या | दर्ता भएको धितोपत्र(संस्थापक शेयर समेत) | | निश्काशन गरिने धितोपत्र | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | रकम रु. | संख्या | रकम रु. |
| १. | प्रारम्भिक सार्वजनिक निष्कशन (IPO) | ७ | २२९,२५०,५०० | २२,९२५,०५०,००० | ४४,५२६,६०० | १२,४१९,४२५,३८६ |
| २. | हकप्रद निष्काशन (Right Issue) | ७ | ७६,४४८,८०८ | ७,६४४,८८०,८०० | ७६,४४८,८०८ | ७,६४४,८८०,८०० |
| ३. | थप सार्वजनिक निष्काशन (FPO) | ३ | ३४९,०८७.१८ | ३४,९०८,७१७.५० | ३४९,०८७.१८ | ३४,९०८,७१७.५० |
| ४. | ऋणपत्र निष्काशन (Debenture @ Rs. 1000) | ४ | १,५०,४०,००० | १५,०४,००,००,००० | ६०,१६,००० | ६,०१,६०,००,००० |
| ५. | सामुहिक लगानी कोष योजना (Mutual Fund Scheme @Rs. 10 Per Unit) | ६ | ४७,००,००,००० | ४,७०,००,००,००० | ४७,००,००,००० | ४,७०,००,००,००० |

**धितोपत्र दर्ता तथा सार्वजनिक निष्काशनसम्बन्धी विवरण:**

आ.व. २०८०।८१ को तेस्रो त्रैमासिक अवधिमा बोर्डमा धितोपत्र दर्ता तथा निष्काशन भएको तथा सार्वजनिक निष्काशन स्वीकृति सम्बन्धी विवरण सम्बन्धी विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## व्यवस्थापन महाशाखा अन्तर्गत भएका कार्यहरु:

- बोर्डका कार्यालय संचालनका लागि आवश्यक स्टेशनरी, फर्निचर, कम्प्युटरलगायत अन्य सामाग्रीहरु खरिद गर्दै आएको ।
- बोर्डमा रहेका जिन्सी सामाग्रीहरुको बीमा गरी आवश्यक सुरक्षा सम्बन्धी व्यवस्था गर्दै आएको ।
- बोर्डलाई आवश्यक पर्ने परामर्श सेवा खरिद गरिएको ।
- बोर्डले संचालन गर्ने गोष्ठी, सेमिनार तथा तालिमको लागि आवश्यक सेवा खरिद गर्दै आएको ।
- बोर्डको दैनिक प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्दै आएको ।
- बोर्डका कर्मचारीहरुलाई नियमित रुपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम एवं गोष्ठीहरुमा सहभागी गराइदै आइरहेको ।

## कानून महाशाखा अन्तर्गत भएका कार्यहरु:

**आर्थिक वर्ष २०८०।८१ का लागि धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी वार्षिक नीति तथा कार्यक्रमको असार मसान्त सम्ममा सम्पन्न भएका कार्यहरुको विवरण**

| क्र.स. | कार्य गर्ने जिम्मेवार शाखा | कार्यान्वयन अवस्था/प्रगति समिक्षा |
|---|---|---|
| १ | **कानुन प्रबलीकरण शाखा** | • गैर आवासीय नेपालीलाई धितोपत्रको दोस्रो बजारमा भित्र्याउने सम्बन्धमा अध्ययन गर्न गठित समितिको अध्ययन प्रतिवेदनमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा हुनुपर्ने संशोधन सम्बन्धमा सुझाव प्राप्त भएकोमा सोही बमोजिम संशोधनका लागी श्री नेपाल सरकार, अर्थ मन्त्रालयमा सुझाव पेश गरिएको ।<br>• हरित बण्ड लगायतका नवीन वित्तीय औजार निष्काशन गर्न सक्ने गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौ संशोधन) सहित लागू भएको ।<br>• साना तथा संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार सम्बन्धी नियमावली, २०७९ को मस्यौदालाई नेपाल सरकारको स्वीकृतिका लागि नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष पेश भएको ।<br>• सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस(एपिआई) कार्य सञ्चालन निर्देशिका, २०८० मिति २०८०/०६/०२ मा बोर्डबाट स्वीकृत भएको ।<br>• धितोपत्र केन्द्रिय निक्षेप सेवा विनियमावली, २०६८ (सातौं संशोधन) |

| | | |
|---|---|---|
| | | मिति २०८०/०६/१५ मा बोर्डबाट स्वीकृत भएको ।<br>● धितोपत्र सम्बन्धी ऐन (पहिलो संशोधन), २०६३ को मस्यौदा नेपाल सरकारको स्वीकृतिका लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको ।<br>● धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन) लागू गरिएको ।<br>● नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त (पाचौं संशोधन) नियमावली, २०८० को मस्यौदा नेपाल सरकारको स्वीकृतिका लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको ।<br>● कम्पनी रजिष्टारको कार्यालय लगायतका अन्य सरकारी कार्यालयबाट माग भई आए बमोजिम १४ वटा राय सुझाव प्रदान गरिएको ।<br>● अध्यक्षज्यू तथा विभागबाट माग भई आए बमोजिम कानूनी राय प्रदान गरिँदै आएको । |
| २ | **कानुन तथा मुद्दा शाखा** | **बोर्ड पक्ष विपक्षी भएका मुद्दामामिलाहरुमा भए गरेका कार्यहरुः**<br>➢ सर्वोच्च अदालतमा बोर्डलाई विपक्षी बनाई दायर भएका २ वटा रिट निवेदनमा लिखित जवाफ पेश गरिएको, ४ वटा मुद्दा फैसला भएको तथा १४ वटा मुद्दा विचाराधिन अवस्थामा रहेको छ ।<br>➢ उच्च अदालतमा ७ वटा मुद्दामा लिखित जवाफ पेश गरिएको, १० वटा मुद्दा फैसला भएको, ४ वटा मुद्दा विचाराधिन अवस्थामा रहेको छ ।<br>➢ प्रशासनिक अदालतमा बोर्डलाई विपक्षी बनाई दायर भएको १ वटा मुद्दा फैसला भएको तथा राजश्व न्यायाधिकरणमा २ वटा मुद्दा फैसला भएको छ ।<br>➢ यसरी हालसम्म विभिन्न विषयका १८ वटा मुद्दां विचाराधिन अवस्थामा रहेको र उक्त मुद्दाहरुमा तारेख र पेशीमा अदालतमा उपस्थित भै वहस पैरवीलगायत अन्य आवश्यक कार्य भैरहेको ।<br>➢ यस अवधिमा धितोपत्र सम्बन्धी कसुर सम्बन्धमा नेपाल सरकार वादी भएको काठमाण्डौ जिल्ला अदालतमा २ वटा मुद्दा विचाराधिन अवस्थामा रहेकोमा जिल्ला सरकारी वकिलको कार्यालयबाट वहस पैरवीलगायत अन्य आवश्यक कार्य हुने गरेको । |
| ३ | **गुनासो व्यवस्थापन शाखा** | ➢ आर्थिक बर्ष २०८०।०८१ असार मसान्तसम्ममा बोर्डमा लिखित रुपमा ५७ उजुरी/गुनासो दर्ता भएकोमा ४५ उजुरी/गुनासो उपर शाखामार्फत कारवाही सम्पन्न गरी सम्वोधन गरिएको, २ उजुरी/गुनासो तामेली/मुल्तवीमा राखिएको, २ उजुरी/गुनासो बोधार्थ जानकारीको रुपमा प्राप्त भएको तथा ३ गुनासो क्षेत्राधिकार बाहिर रहेको । त्यस्तै ५ निवेदकको उजुरी/गुनासो समाधानको प्रकृयामा रहेको छ ।<br>➢ साथै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हेलो |

| | | |
|---|---|---|
| | | सरकारको वेब पोर्टलमार्फत विभिन्न ४४ गुनासो प्राप्त भएकोमा उक्त गुनासो उपर कारवाही गरी समाधान भई फछर्यौट भइसकेको छ ।<br>➢ बोर्डको टोलफ्रि तथा हटलाइन टेलिफोन तथा इमेल मार्फत प्राप्त गुनासो तथा जिज्ञासाको तत्समयमा सम्वन्धित महाशाखा, शाखामा समेत जानकारी गराई समाधान गरिएको छ । |

## धितोपत्र बजार तथा व्यवसायी सुपरिवेक्षण महाशाखा अन्तर्गत भएका कार्यहरु:

- धितोपत्र बजार तथा व्यवसायी सुपरिवेक्षण महाशाखा अन्तर्गत मर्चेन्ट बैंकर, क्रेडिट रेटिङ्ग तथा आश्वा सदस्य सुपरिवेक्षण शाखाबाट आ.व २०८०।८१ को चौंथो त्रैमासमा देहाय बमोजिमका कार्यहरु भएको:
- **१. स्थलगत सुपरीवेक्षण**

| क.सं. | विवरण | कुल संख्या | स्थलगत सुपरिवेक्षण भएको संख्या |
|---|---|---|---|
| १. | मर्चेन्ट बैंकर | २९ | १२ वटा |
| २. | क्रेडिट रेटिङ्ग | ३ | १ वटा |

**२ . गैरस्थलगत सुपरीवेक्षण**

| **क.सं.** | **विवरण** | **कुल संख्या** | **बोर्डमा पेश गर्नुपर्ने विवरण समयमै पेश गर्नेको संख्या** | **बोर्डमा पेश गर्नुपर्ने विवरण समयमै पेश नगर्नेको संख्या** |
|---|---|---|---|---|
| १ | मर्चेन्ट बैंकर | २९ | १७ | १२ |
| २ | क्रेडिट रेटिङ्ग | ३ | ३ | ० |

बोर्डमा पेश गर्नुपर्ने विवरण समयमै पेश नगर्ने मर्चेन्ट बैंकरहरु निम्नानुसार

| लेखा परिक्षण प्रतिवेदन (१०) | श्रम अडिट प्रतिवेदन (३) | अर्ध वार्षिक प्रतिवेदन (२) |
|---|---|---|
| आकाश क्यापिटल लि. | नेपाल एसविआई मर्चेन्ट बैंकिङ्ग लि. | आकाश क्यापिटल लि. |
| वि.ओ.के. क्यापिटल लि. | सन लाईफ क्यापिटल लि. | नगरिक लगानी कोष |
| सिटिजन्स् क्यापिटल लि. | मर्केट पण्डित क्यापिटल लि. | |
| सिभिल क्यापिटल लि. | | |
| ग्लोबल आइएमई क्यापिटल लि. | | |
| नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. | | |
| नेपाल एसविआई मर्चेन्ट बैंकिङ्ग लि. | | |
| सम्पन्न क्यापिटल लि. | | |
| सेन्चुरी क्यापिटल लि. | | |
| एलिट क्यापिटल लि. | | |

क) **बोर्डबाट भएका कारबाहिहरु**

बोर्डबाट क्रेडिट रेटिङ्ग कम्पनीलाई गरिएको कारबाहीको विवरण:

| क्र.सं. | मिति | क्रेडिट रेटिङ्ग कम्पनी | कारवाहीको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | २०८०।०६।०४ | केयर रेटिङ्गस् नेपाल लिमिटेड | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३४ को उपनियम (२) मा भएको व्यवस्था विपरित केयर रेटिङ्गस् नेपाल लिमिटेडले आफ्नो मुख्य शेयरधनी सम्बद्ध कम्पनीहरुको रेटिङ्ग गरेको हुँदा धितोपत्र ऐन, २०६३ को दफा १०१ को उपदफा (७) बमोजिम रु. ५०,०००।- जरिवाना गरिएको । | आर्थिक जरिवाना |

**ख) बोर्डबाट गैरस्थलगत सुपरिवेक्षणको क्रममा गरिएका मुख्य मुख्य पत्राचार तथा परिपत्रहरु**

मिति २०८०।०४।१६ मा आ.व. २०७९।८० लेखापरीक्षको नियुक्तिको जानकारी समयमै पेश नगर्ने १० मर्चेन्ट बैंकरहरुलाई आगामि दिनमा धितोपत्र ऐन, नियम, नियमावली, विनियमावली, निर्देशन तथा निर्देशिकाको पूर्ण पालना गर्न ईमेलमार्फत पत्राचार गरिएको ।

मिति २०८०।०६।०७ मा आ.व. २०७९।८० को दोस्रो अर्ध वार्षिक तथा परिपालना प्रतिवेदन नबुझाउने २ मर्चेन्ट बैंकरहरुलाई प्रतिवेदन ढिलो बुझाउनुको स्पष्ट कारण सहित प्रतिवेदन पेश गर्न पत्राचार गरिएको ।

मिति २०८०।१०।२१ मा आ.व. २०७९।८० को श्रम अडिट प्रतिवेदन नबुझाउने ३ मर्चेन्ट बैंकरहरुलाई प्रतिवेदन ढिलो बुझाउनुको स्पष्ट कारण सहित प्रतिवेदन पेश गर्न पत्राचार गरिएको ।

मिति २०८०।०५।१० मा बोर्डबाट अनुमति प्राप्त सम्पूर्ण आस्वा सदस्यहरुलाई बैदेशिक रोजगारीमा रहेको नेपालीहरुका लागि आरक्षित गरिएको धितोपत्रको निष्काशनमा आवेदनको विवरण रुजु गर्ने सम्बन्धमा परिपत्र गरिएको ।

**धितोपत्र बजार**

- **धितोपत्र बजारको नियमित रूपमा गैर-स्थलगत सुपरिवेक्षण भैरहेको।जस अन्तर्गत, नेप्सेको वेबसाइट, नेप्सेले बोर्डमा पेश गरेका विभिन्न विवरण तथा प्रतिवेदनहरूको नियमित रूपमा अध्ययन गर्ने तथा नियम पालनाको अवस्थाहरूको सुपरिवेक्षण गरिएको।**

- धितोपत्र बजारको मिति 2080।06।04 देखि करिब तीन हप्तासम्म नेप्सेको सूचना प्रविधिसंग सम्बन्धित प्रणालीहरुको स्थलगत सुपरिवेक्षण सम्पन्न गरिएको।साथै उक्त सुपरिवेक्षण प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालयमा समेत पेश गरिएको।
- नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) ले धितोपत्र कारोवार संचालन विनियमावली, 2075 को व्यवस्थाहरू परिपालना तथा कार्यान्वयन नगरेको देखिएको हुँदा नेप्सेलाई धितोपत्र सम्बन्धी ऐन, 2063 को दफा 101 को उपदफा (७) बमोजिम हदै सम्मको कारवाही किन नगर्ने भन्ने विषयमा नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, 2064 को नियम 29 को उपनियम (१) को खण्ड (क) बमोजिम सफाई पेश गर्न मिति २०८०।०६।०४ मा नेप्सेमा पत्राचार गरिएकोमा नेप्सेबाट प्राप्त सफाई पत्रको सम्बन्धमा अध्ययन भै बोर्डमा पेश हुने क्रममा रहेको।
- धितोपत्र बजार संचालन नियमावली, 2064 को नियम 17 को व्यवस्था बमोजिम नेप्सेको संचालकको योग्यता निरन्तरता सम्बन्धमा जानकारी माग गरेको।बोर्डले नेप्सेमा गरेको पत्राचारपश्चात नेप्सेले एक संचालकलाई कारवाहीको अवधि पूरा नभएसम्मका लागि समिति उपसमितिको बैठकमा सहभागीका लागि रोक्का गरेको।
- धितोपत्र सूचिकरण तथा कारोबार नियमावली, २०७५ को नियम ११ को उपनियम (७) को व्यवस्था बमोजिम सूचिकृत संगठित संस्थाको वर्गिकरण पुनरावलोकन गरी त्रैमाशिक अवधिमा अद्‌यावधिक गर्नुपर्ने व्यवस्था र उपनियम (८) बमोजिम संगठित संस्थाको वर्गिकरण गरिएको सम्बन्धमा वेभसाइटमा राख्ने व्यवस्थानुसार वेभसाइटमा नदेखिएकोले नेप्सेमा सो सम्बन्धमा जानकारी माग गरेपश्चात नेप्सेले उक्त विवरणहरू सावर्जनिक गर्न शुरूवात गरेको।
- कारोबार इकाई वा सो भन्दा बढी धितोपत्र भएका धितोपत्रधनीले त्यस्तो धितोपत्रलाई अडलट बनाई बिक्री गर्न पाइने छैन भन्ने व्यवस्था विपरित अडलट हुनेगरी कारोवार भएको देखिएको हुनाले उक्त कारोवार के कसरी भएको हो सो सम्बन्धी जानकारी पेश गर्न नेप्सेमा पत्राचार गरिएको।नेप्सेले उल्लेखित समस्या समाधान गर्न नेप्सेले लगानीकर्ताको खातामा मौज्दात रहेको शेयरको DP Holding Verify गरी अडलट कित्ता भएमा मात्र त्यस्ता शेयर TMS मा रहेको अडलट Feature को प्रयोग गरी कारोवार गर्न सकिने गरी प्रणालीमा व्यवस्था मिलाईएको जानकारी बोर्डमा प्राप्त भएको।

**केन्द्रीय निक्षेप कम्पनी तथा निक्षेप सदस्य**

१. सिडिएस र निक्षेप सदस्यको नियमित रूपमा गैर-स्थलगत सुपरिवेक्षण भैरहेको।जस अन्तर्गत, सिडिएससि तथा केही निक्षेप सदस्यको वेबसाइट, बोर्डमा पेश गरेका विभिन्न विवरण तथा प्रतिवेदनहरूको नियमित रूपमा अध्ययन गर्ने तथा नियम पालनाको अवस्थाहरूको सुपरिवेक्षण गरिएको।

२. उपत्यका बाहिर आठ र उपत्यका भित्र 13 गरी कुल 21 निक्षेप सदस्यको स्थलगत सुपरिवेक्षण गरिएको।

३. मिति 2080।03।19 देखी तीन दिनसम्मको स्थलगत सुपरिक्षणका क्रममा देखिएका कैफियतहरूको सम्बन्धमा सिडिएससिसँग धारणा माग गरिएकोमा सिडिएससिबाट प्राप्त भएको।

४. धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, 2067 संशोधनपश्चात् हितग्राही खाता खोल्दा क, ख वा ग वर्गका बैक वित्तीय संस्थामा रहेको खाता नम्बर उल्लेख गर्न सक्ने र विद्युतीय माध्यमबाट समेत हितग्राही खाता खोल्न सक्ने व्यवस्था लागू भएको।

५. केन्द्रीकृत विद्युतीय ग्राहक पहिचान विवरण (केवाइसी) सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, 2077 बमोजिम केन्द्रीकृत विद्युतीय केवाइसी प्रणाली संचालनमा आएको।

## धितोपत्र कारोवार तथा वस्तु बजार सुपरिवेक्षण महाशाखा अन्तर्गत भएका कार्यहरुः

- मिति २०८१।०२।२१ मा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० मा संशोधन भएबमोजिम विशिष्टीकृत लगानी कोष व्यवस्थापकहरुलाई समेत सूचक संस्थाको रुपमा कार्य गर्ने भनी सूचित गराईएको । साथै मिति २०८१।०२।२२ मा विशिष्टीकृत लगानी कोष व्यवस्थापकहरुलाई समेत समावेश गरी सम्पूर्ण सूचक संस्थाहरुलाई वास्तविक धनी तथा अभिलेखिकरण गर्ने सम्बन्धमा सूचित गरिएको ।
- बोर्डले तर्जुमा गरेको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ बमोजिम तयार गरिएको Risk Matrix को आधारमा सूचक संस्थाहरुको स्थलगत तथा गैरस्थलगत सुपरिवेक्षण भईरहेको । आ.व. २०८०।८१ को चौंथो त्रैमासिक अवधिमा ३ वटा सूचक संस्थाहरुको पुनःस्थलगत सुपरिवेक्षण र ६ वटा सूचक संस्थाको स्थलगत सुपरिवेक्षण गरिएको ।
- आ.व. २०८०।८१ को चौंथो त्रैमासिक अवधिमा चार धितोपत्र दलाल व्यवसायी, एक मर्चेण्ट बैंकर, एक स्टक डिलर र श्री मर्चेण्ट बैंकर्स एशोसिएसन नेपाल, गरी जम्मा सात वटा सूचक संस्थाहरुबाट श्रोतव्यक्ति माग गरे बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी अभिमुखिकरण तथा तालिम प्रदान गरिएको र उक्त प्रत्येक तालिम कार्यक्रममा औसत ५० जनाको सहभागिता रहेको ।

- मिति २०८१।०३।२८ र ३० मा धितोपत्र व्यवसायसँग सम्बन्धित सम्पूर्ण सूचक संस्थाको कार्यान्वयन अधिकारीहरुलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ सम्बन्धमा अभिमुखिकरण कार्यक्रम संचालन गरिएको ।
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) मा "धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्यक आर्थिक वर्ष समाप्त भएको मितिले पाँच महिनाभित्र अनुसुची १५ बमोजिमको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने" व्यवस्था रहेकोमा आ.व.२०७९।८० मा बोर्डमा धितोपत्र दर्ता गरी नेपाल स्टक एक्स्चेञ्जमा सूचिकृत भई कारोबार गरेका २५४ संगठित संस्थाहरु मध्ये २५ संस्था मर्जर/एक्विजिसन्मा गएको र बाँकी २२९ संस्थाहरु मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) बमोजिम आ. व. २०७९।८० को बार्षिक प्रतिवेदन बोर्डमा समय अवधिमै बुझाउने ३७ संस्था र सो विवरण बोर्डमा म्याद थपका लागि निवेदन नदिई ढिला गरी पेश गर्ने ९७ संस्था तथा बोर्डमा म्याद थपका लागि निवेदन दिई हालसम्म पेश नगर्ने ३ संस्था रहेको साथै सो विवरण बोर्डमा नबुझाउने ९२ संस्था रहेको ।
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २६ को उपनियम (३) मा भएको व्यवस्था उल्लंघन गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१क) तथा सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा १४ को उपदफा (६) मा भएको व्यवस्था विपरित शेयर कारोबार गराएको देखिएकोले श्री त्रिशक्ति सेक्युरिटिज पब्लिक लिमिटेडलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (६) बमोजिम रु ५०,०००।- (अक्षेरुपी पचास हजार रुपैयाँ मात्र) जरिवाना गरिएको ।
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २६ को उपनियम (३) मा भएको व्यवस्था उल्लंघन गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१क) मा भएको व्यवस्था विपरित शेयर हस्तान्तरण गराएको देखिएकोले श्री श्रीकृष्ण सेक्यूरिटिज लिमिटेड धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (६) बमोजिम पचास हजार रुपैयाँ जरिवाना गरिएको ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन,२०७६ को दफा १८(१) को व्यवस्थाको परिपालना नगरेकोले सम्पत्ति शुद्धिकरण ( मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७फ.को उपदफा (१) को खण्ड (ख) बमोजिम श्री सम्पन्न क्यापिटल एण्ड एडभाइजरी नेपाल लि.लाई दश लाख रुपैयाँ जरिवाना गरिएको ।
- मिति २०८०/०८/२४ मा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने राष्ट्रिय लक्ष्यमा सहयोग र समन्वयका लागि त्यस्ता कसूरहरुको सम्बन्धमा सूचना आदानप्रदान, गोपनीयता एवम् प्राप्त सूचनाको प्रभावकारी विश्लेषण तथा अनुसन्धान लगायतका कार्यहरु गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल धितोपत्र बोर्डबीच गरिएको पारस्परिक समझदारीपत्रमा हस्ताक्षर गरिएको ।

- श्री नेशनल बैंकिङ ईन्स्टिच्युटबाट सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी तालिम प्रदान गरिएको र उक्त तालिममा करिब ५० जनाको सहभागिता रहेको । त्यस्तै, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी विषयमा तालिम प्रदान गर्न विभिन्न सूचक संस्थाहरुले बोर्डसँग श्रोत व्यक्तिका लागि अनुरोध गरेकोमा बोर्डले उक्त तालिम कार्यक्रममा श्रोत व्यक्ति उपलब्ध गराएको ।
- समिक्षा अवधीमा सम्पुर्ण सूचक संस्थाको गैर स्थलगत सुपरिवेक्षणमा प्राप्त विवरणहरुको अध्ययन गरिएको र सोहि अवधीमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरीवेक्षण म्यानुअल, २०७७ बमोजिम १० धितोपत्र दलाल व्यवसायी, ५ मर्चेन्ट बैंकर तथा नेपाल स्टक एक्सचेन्ज लि. को ओ.टि.सी मार्केटको पुन स्थलगत सुपरीवेक्षण गरिएको ।
- आ.ब. २०८०।८१ को प्रथम त्रैमासको अन्त सम्म बोर्डमा धितोपत्र दर्ता गरी नेपाल स्टक एक्स्चेन्ज मा सूचीकृत भई सक्रिय रुपमा कारोबार गरिरहेका २४० संगठित संस्थाहरु मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) बमोजिम आ.व. २०८०।८१ को प्रथम त्रैमासिक विवरण बोर्डमा बुझाउने १२७ संस्था रहेको तथा सो विवरण बोर्डमा म्याद थपका लागि निवेदन नदिई ढिला गरी पेश गर्ने ८१ संस्था रहेको र सो विवरण बोर्डमा नबुझाउने ३२ संस्था रहेको ।
- आ.ब. २०८०।८१ को दोस्रो त्रैमासको अन्त सम्म बोर्डमा धितोपत्र दर्ता गरी नेपाल स्टक एक्स्चेन्ज मा सूचीकृत भई सक्रिय रुपमा कारोबार गरिरहेका २४८ संगठित संस्थाहरु मध्य धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) बमोजिम आ.व. २०८०।८१ को दोस्रो त्रैमासिक विवरण बोर्डमा बुझाउने २१० संस्था रहेको तथा सो विवरण बोर्डमा म्याद थपका लागि निवेदन नदिई ढिला गरी पेश गर्ने ०९ संस्था रहेको र सो विवरण बोर्डमा नबुझाउने २९ संस्था रहेको ।
- आ.ब. २०८०।८१ को तेस्रो त्रैमासको अन्त सम्म बोर्डमा धितोपत्र दर्ता गरी नेपाल स्टक एक्स्चेन्ज मा सूचीकृत भई सक्रिय रुपमा कारोबार गरिरहेका २५० संगठित संस्थाहरु मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) बमोजिम आ.व. २०८०।८१ को तेस्रो त्रैमासिक विवरण बोर्डमा बुझाउने १५२ संस्था रहेको तथा सो विवरण बोर्डमा म्याद थपका लागि निवेदन नदिई ढिला गरी पेश गर्ने २६ संस्था रहेको र सो विवरण बोर्डमा नबुझाउने ७२ संस्था रहेको ।
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) मा "धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले पाँच महिनाभित्र अनुसुची-१५ बमोजिमको बार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नु पर्ने" व्यवस्था रहेकोमा आ.ब. २०७९।८० मा बोर्डमा धितोपत्र दर्ता गरी नेपाल स्टक एक्स्चेन्ज मा सूचीकृत भई कारोबार गरेका २५४ संगठित संस्थाहरु मध्ये २५ संस्था मर्जर/एक्विजिसन्‌मा गएको र बाँकी २२९ संस्थाहरु मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) बमोजिम आ.व. २०७९।८० को बार्षिक प्रतिवेदन बोर्डमा समय अवधिमै बुझाउने ३७ संस्था र सो विवरण बोर्डमा म्याद थपका लागि निवेदन नदिई ढिला गरी पेश गर्ने ९४ संस्था तथा बोर्डमा म्याद थपका लागि निवेदन दिई हालसम्म पेश नगर्ने ४ संस्था रहेको साथै सो विवरण बोर्डमा नबुझाउने ९४ संस्था रहेको ।

**नीति अनुसन्धान तथा सूचना प्रविधि महाशाखा अन्तर्गत भएका कार्यहरु:**

- सूचना प्रविधि शाखा अन्तर्गतका नियमित कार्यहरु जस्तै वेबसाइट अपडेट, टेक्निकल रिसर्च, बोर्डका प्राविधिक कार्यमा सपोर्ट, बोर्डबाट खरिद गरिने विभिन्न सिस्टम तथा सूचना प्रविधिको सामानहरुको Terms of Reference (TOR) तथा स्पेसिफिकेशन जस्ता कार्यहरु भएको ।
- बोर्डको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम वार्षिक प्रगति विवरण तयार गरिएको ।
- बोर्डको आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम तथा सोको कार्यान्वयन योजना तयार गरी लागू गरिएको ।
- नेपाल सरकारको आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा पुँजी बजारसम्बन्धी समावेश गर्नुपर्ने कार्यक्रम र सोको कार्यान्वयन योजना तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको।
- बोर्डको आर्थिक वर्ष २०७९।८० को वार्षिक प्रतिवेदन तयार गरी प्रकाशनको अन्तिम चरणमा पुगेको ।
- नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षणमा समावेश हुने पुँजी बजारसम्बन्धी विवरण तयारी सम्पन्न भएको।साथै आगामी वर्षको बजेट निर्माणका क्रममा गठन भएको राजश्व परामर्श समिति अन्तर्गतको उप समितिमा बोर्डमार्फत् प्रतिनिधित्व गरी पुँजी बजार क्षेत्रका सम्बन्धमा सुझाव पेश गरिएको ।
- नेपाल सरकार अर्थमन्त्रालय अन्तर्गतको दोस्रो वित्तीय क्षेत्र विकार रणनीति र सोह्रौ योजनामा पुँजी बजारसम्बन्धी समावेश गर्नुपर्ने विषयवस्तुहरू सम्बन्धी विवरण तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको ।
- नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटको कार्ययोजनाको २०८० फागुन मसान्तसम्मको प्रगति विवरण तयार गरी पेश गरिएको ।
- नेपाल सरकार अर्थमन्त्रालयबाट धितोपत्र बजारमा देखिएका समस्याहरूको समाधान गरी पुँजी बजारको विकास र विस्तारका लागि तत्काल गर्नुपर्ने कार्यहरूको कार्ययोजना माग भए बमेजिम विभिन्न सरोकारवालाहरूसँग छलफल गरी तयार भएको कार्ययोजना सम्बन्धित संस्थामा पेश गरिएको ।
- सन् २०२३ को वित्तीय स्थायित्व प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गरिएको ।
- बोर्डको आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रमको दोस्रो चौमासिक प्रगति प्रतिवेदनको मस्यौदा तयारी गरेको ।
- बोर्डको सेबोन जर्नल ११ औं संस्करण प्रकाशनका लागि शोधपत्र माग गर्ने सूचना प्रकाशन गरेको ।

- बोर्डको ३२ औं वार्षिकोत्सवको अवसरमा प्रकाशन हुने लेख विशेषाङ्कमा समावेश गरिने लेख तथा रचनाहरू माग गर्ने सूचना प्रकाशित गरी प्राप्त लेखहरूको सम्पादन कार्य भैरहेको ।
- बोर्डको आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने क्रममा सूचना प्रकाशन गरी विभिन्न सरोकारवाला पक्षहरूबाट राय तथा सुझाव माग गरिएको ।

**तालिम, प्रशिक्षण तथा वित्तीय साक्षरता महाशाखा अन्तर्गत भएका कार्यहरुः**

- प्रमाणीकरण सम्बन्धमा नयाँ अनुमति प्राप्त धितोपत्र दलाल व्यवसायी र धितोपत्र व्यापारीका कार्यकारी प्रमुखहरुसँग मिति २०८१।०३।०७ मा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी सरोकारवाला पक्षबाट प्राप्त सुझाव समेतका आधारमा पाठ्यक्रमलाई अन्तिम रुप दिईएको ।
- Pilot Certification Programme मा नयाँ अनुमति प्राप्त ३९ धितोपत्र दलाल व्यवसायी र दुई धितोपत्र व्यापारी संस्थाका कार्यकारी प्रमुखहरुलाई मिति २०८१।०३।२१ र २२ मा प्रशिक्षण तथा प्रमाणिकरण परीक्षामा सहभागी गराई मिति २०८१।०३।३० मा प्रमाणपत्र वितरण गरिएको ।
- धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धमा लगानीकर्ताहरुको सचेतना अभिवृद्धि गर्न रेडियो नेपालसँग जानकारी तथा सूचनामूलक कार्यक्रम सञ्चालनका लागि MoU भई नियमित रुपमा कार्यक्रम संचालन भएको ।
- बोर्ड तथा हिमालयन टेलिभिजन नेटवर्क बीच "वित्तीय शिक्षा" नामक टेलिभिजन कार्यक्रममा इन एशोसिएशन विथ नेपाल धितोपत्र बोर्ड रहने तथा धितोपत्र बजार सम्बन्धी सामाग्री निर्माण तथा प्रसारण गर्न तथा प्रदेश स्तरीय वित्तीय शिक्षा अभिवृद्धि कार्यक्रममा सहभागिता रहने गरी मिति २०८०।०८।२२ गते समझदारी (MoU) भई नियमित रुपमा कार्यक्रम संचालन भएको ।
- बोर्ड तथा नेपाल उद्योग वाणिज्य महासंघ बीच देशव्यापी रुपमा पुँजी बजार शिक्षा तथा प्रशिक्षण कार्यक्रम संचालन गर्न मिति २०८०।०६।१८ गते भएको समझदारी (MoU) अनुरुप चार स्थानमा कार्यक्रम संचालन भएको ।

## ११. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बर :

**प्रमुख**
श्री महेश बराल
अध्यक्ष
सम्पर्क नं.१-५५४१०५७, ५५५०५११

**सुचना अधिकारी**
श्री दीपा दाहाल

उप कार्यकारी निर्देशक
सम्पर्क नं ०१-५५४१०५७, ५५५०५११

## १२. ऐन नियम विनियम र निर्देशिकाको सूची :

- **ऐनहरु**

क. धितोपत्र सम्बन्धी ऐन, २०६३
ख. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४

- **धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी नियमावलीहरु**

क. नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
ख. धितोपत्र बजार संचालन नियमावली, २०६४
ग. धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
घ. धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
ङ. सामूहिक लगानी कोष नियमावली, २०६७
च. धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
छ. क्रेडिट रेटिङ्ग नियमावली, २०६८
ज. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
झ. वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४
ञ. धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
ट. विशिष्टीकृत लगानी कोष नियमावली, २०७५
ठ. नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
ड. नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४

- **निर्देशिकाहरु**

क. लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिका, २०६७
ख. सामूहिक लगानी कोष निर्देशिका, २०६९
ग. धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३,
घ. धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४
ङ. सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४
च. धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४
छ..सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तिय लगानी निवारण निर्देशिका, २०७४
ज. बुक बिल्डिङ्ग निर्देशिका, २०७७
झ. धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्ने सम्बन्धी निर्देशिका, २०७९
ञ. धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९
ट. धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डबाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९
ठ. वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८

- **विनियमावलीहरु**

क. सरकारी ऋणपत्रको दोस्रो बजार व्यवस्थापन विनियमावली, २०६२
ख. सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार सञ्चालन विनियमावली, २०६२
ग. धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८
घ. धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली २०६९
ङ. धितोपत्र सूचीकरण विनियमावली, २०७५
च. धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५

***माथी उल्लेखित भएको ऐन, नियम, विनियम र निर्देशिकाहरु बोर्डको वेवसाईटमा समेत राखिएको छ।***

**१३.आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण :**

**नेपाल धितोपत्र बोर्ड**
खुमलटार, ललितपुर
**अपरिष्कृत वित्तीय स्थितिको विवरण**
**३१ आषाढ, २०८१**

*(रकम रुपैयाँमा)*

| विवरण | ३१ आषाढ २०८१ | ३१ आषाढ २०८० |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| स्थिर सम्पत्ति | ४२,४१८,१९२ | २८,४०५,६२८ |
| अदृश्य सम्पत्ति | ८६१,८०९ | १,२४१,८१४ |
| सम्पत्ति खरिदको अग्रिम भुक्तानी | ४२५,६००,००० | ४२५,६००,००० |
| **वित्तीय सम्पत्ति** | | |
| लगानी | २७,२८५,००० | २७,२८५,००० |
| कर्जा तथा पेश्की | ६६,८०२,०२७ | ५४,८५१,०६४ |
| धरौटी | ५४,३२१ | ५४,३२१ |
| कर्मचारी सुविधाको अग्रिम भुक्तानी | २०,२५०,८६५ | २१,०८०,४६७ |
| स्थगन कर सम्पत्ति | ६५,०६१,१६० | ५९,८५६,७११ |
| **कुल गैर चालु सम्पत्ति** | **६४८,३३३,३७४** | **६१८,३७५,००४** |
| **चालु सम्पत्ति** | | |
| **वित्तीय सम्पत्ति** | | |
| प्राप्त गर्नुपर्ने आम्दानी | १३४,९३३,७३१ | ११३,८९५,५५१ |
| अन्य वित्तिय सम्पत्ति | २,४८०,०००,००० | २,०४०,०००,००० |

| | | |
|---|---|---|
| अग्रीम भुक्तानी तथा पेश्की | २६३,५५८,३२४ | ४४,७०४,३५५ |
| नगद र नगद सरह मौज्दात | १६८,९४२,१०३ | १७०,७४५,०४७ |
| **कुल चालु सम्पत्ति** | **३,०४७,४३४,१५९** | **२,३६९,३४४,९५३** |
| **कुल सम्पत्ति** | **३,६९५,७६७,५३३** | **२,९८७,७१९,९५७** |
| **कोष तथा दायित्व** | | |
| अक्षय कोष | १,३०८,०००,००० | १,३०८,०००,००० |
| अन्य कोषहरु | १,८७३,५७४,०८७ | १,४३०,६३३,८०६ |
| **कोष तथा जगेडा** | **३,१८१,५७४,०८७** | **२,७३८,६३३,८०६** |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य | १९१,४२५,११५ | १७९,२५९,४७८ |
| गैर वर्तमान लीज दायित्व | १५,३१०,०२० | – |
| **कुल गैर चालु दायित्व** | **२०६,७३५,१३६** | **१७९,२५९,४७८** |
| **चालु दायित्व** | | |
| परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य | १०,०७५,००६ | ७,३९६,४८५ |
| चालु लीज दायित्व | ८,९७६,४०८ | ४,३८०,०१६ |
| आयकर र अन्य कर दायित्व | १८०,८०२,९४९ | २,२२१,९१८ |
| अन्य चालु दायित्व | १०७,६०३,९४७ | ५५,८२८,२५४ |
| **कुल चालु दायित्व** | **३०७,४५८,३१०** | **६९,८२६,६७३** |
| **कुल दायित्व** | **५१४,१९३,४४६** | **२४९,०८६,१५१** |
| **कुल कोष तथा दायित्व** | **३,६९५,७६७,५३३** | **२,९८७,७१९,९५७** |

**नेपाल धितोपत्र बोर्ड**

नोटः अपरिष्कृत वित्तीय विवरणमा NFRS अनुसार केही समायोजन गर्न बाँकी रहेको र अन्तिम लेखापरीक्षणका दौरान लेखापरीक्षकको निर्देशन बमोजिम वित्तीय विवरणमा फरक पर्न सक्ने छ ।

खुमलटार, ललितपुर

**अपरिष्कृत नाफा वा नोक्सानको विवरण**

२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ गतेसम्म

| विवरण | आ.व.२०८०।८१ | आ.व.२०७९।८० |
|---|---|---|
| धितोपत्र बजारबाट आम्दानी | ६४७,९०२,५०३ | ६६७,८९६,९८० |
| अन्य आम्दानी | २४९,९००,२०० | २१९,६९२,५७३ |
| **कुल आम्दानी** | **८९७,८०२,७०४** | **८८७,५८९,५५३** |
| कर्मचारी खर्च | २०४,००६,३६३ | १९७,३२४,५४३ |
| अन्य संचालन खर्च | ५८,४२३,३५७ | ७३,६५८,५१४ |
| ह्रास कट्टि तथा परिशोधन खर्च | १६,७२९,३२२ | १५,५५२,३०४ |
| **संचालनबाट नाफा/बचत** | **६१८,६४३,६६१** | **६०१,०५४,१९२** |
| वित्त लागत | १,३७७,२६३ | ८१८,७९१ |
| **आयकर अधिको नाफा/बचत** | **६१७,२६६,३९८** | **६००,२३५,४०१** |
| चालु आयकर | १७९,५३०,५६५ | १६६,८८९,४७२ |
| स्थगन कर खर्च/(आम्दानी) | (५,२०४,४४९) | ३,५२८,२६४ |
| **संचालनबाट नाफा** | **४४२,९४०,२८२** | **४२९,८१७,६६४** |
| आयकर पछिको गैर संचालन नाफा र नोक्सान | | |
| **यस वर्षको खुद नाफा/बचत** | **४४२,९४०,२८२** | **४२९,८१७,६६४** |

**अन्य विस्तृत आयको विवरण**

२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ गतेसम्म

| विवरण | आ.व.२०८०।८१ | आ.व.२०७९।८० |
|---|---|---|
| **खुद नाफा/बचत (क)** | **४४२,९४०,२८२** | **४२९,८१७,६६४** |
| **अन्य विस्तृत आय** | | |
| खुद परिभाषित कर्मचारी सुविधा योजनाहरूको पुनः मापन | – | (१९,३७९,५६९) |
| माथि उल्लेखित शीर्षकमा (स्थगन कर समायोजन) | – | ४,८४४,८९२ |
| **अन्य विस्तृत आय (आयकर पछि) (ख)** | – | **(१४,५३४,६७७)** |
| **कुल अन्य विस्तृत आय (क + ख)** | **४४२,९४०,२८२** | **४१५,२८२,९८८** |

नोटःअपरिष्कृत वित्तीय विवरणमा अनुसार केही समायोजन गर्न बाँकी रहेको अन्तिम लेखापरीक्षण पश्चात वित्तीय विवरणमा फरक पर्न सक्ने छ ।

## १४. अघिल्लो आर्थिक वर्षमा बोर्डले आयोजना गरेको कार्यक्रमको विवरण:

बोर्डको आयोजनामा भएको प्रमुख कार्यक्महरु देहाय बमोजिम रहेको छ ।

- लगानीकर्ता प्रशिक्षणसम्बन्धि विविध कार्यक्रमहरु सञ्चालन गरिएको ।
- बोर्डको ३२औ बार्षिकोत्सव २०८१।०२।२५ गते राजस्व सचिव ज्यूको प्रमुख आतित्थयमा आयोजना गरिएको । सो अवसरमा बोर्ड अध्यक्षबाट बोर्डका काम कारवाहीका र भावि प्राथमिक्तका सम्बन्धमा भनाई राख्नु भएको थियो । साथै सोही अवसरमा नेपाल धितोपत्र बोर्ड बार्षिकोत्सव लेख विशेषाङ्को समेत बिमोचन गरिएको थियो ।
- आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम माथि सुझाव तथा राय संकलनका लागि संवन्धित क्षेत्रका विज्ञहरुसंग छलफल तथा अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको ।

## १५. बोर्डको वेभसाईटको विवरण :

www.sebon.gov.np

## १६. बोर्डको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण :

- नेपाल धितोपत्र बोर्ड समाचार
- सेबोन जर्नल
- Quarterly Indicators
- वार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली)
- नेपाल धितोपत्र बोर्ड एक परिचय
- धितोपत्र बजार तथा वस्तु बजारबारे बारबार सोधिने प्रश्नहरु
- पूँजी बजारसम्बन्धी साक्षरता
- नेपाल धितोपत्र बोर्ड एक परिचय संक्षिप्तमा
- प्रादेशिक प्रोफाइल
- ३१औं बार्षिकोत्सव बिषेशाङ्क
- आवश्यकत्ता अनुसार समाचार तथा सूचनाहरु बिभिन्न राष्ट्रिय दैनिक एवं अन्य पत्रपत्रिका तथा अनलाईन पोर्टलहरुमा प्रकाशन हुने गरेको ।

## १७. अन्य विवरण :

धितोपत्र बोर्डको सम्पर्क ठेगाना तथा टेलिफोन नम्बरहरु:
नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर

पो.बं.नं. ९०३१, फोन नं. ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७ फ्याक्स नं. ००९७७-१-५५४१०५८
टोल फ्रि नं.१६६००१४४४३३
इमेलः support@sebon.gov

## अनुसूची १

**सार्वजनिक निष्काशनको विवरणपत्र स्वीकृतीः**

| क.सं. | निष्काशनको प्रकार | दर्ता संख्या | दर्ता भएको धितोपत्र(संस्थापक शेयर समेत) | | निश्काशन गरिने धितोपत्र | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | रकम रु. | संख्या | रकम रु. |
| १. | प्रारम्भिक सार्वजनिक निष्कशन (IPO) | ७ | २२९,२५०,५०० | २२,९२५,०५०,००० | ४४,५२६,६०० | १२,४१९,४२५,३८६ |
| २. | हकप्रद निष्काशन (Right Issue) | ७ | ७६,४४८,८०८ | ७,६४४,८८०,८०० | ७६,४४८,८०८ | ७,६४४,८८०,८०० |
| ३. | थप सार्वजनिक निष्काशन (FPO) | ३ | ३४९,०८७.१८ | ३४,९०८,७१७.५० | ३४९,०८७.१८ | ३४,९०८,७१७.५० |
| ४. | ऋणपत्र निष्काशन (Debenture @ Rs. 1000) | ४ | १,५०,४०,००० | १५,०४,००,००,००० | ६०,१६,००० | ६,०१,६०,००,००० |
| ५. | सामुहिक लगानी कोष योजना (Mutual Fund Scheme @Rs. 10 Per Unit) | ६ | ४७,००,००,००० | ४,७०,००,००,००० | ४७,००,००,००० | ४,७०,००,००,००० |